**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

नवराजपुर गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः १० मितिः २०७९/०९/०८

**भाग-२**

**नवराजपुर गाउँपालिका**

## नवराजपुर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
## नवराजपुर सिरहा

# एम्बुलेन्स सेवा संचालन कार्यविधी २०७९

**प्रस्तावना :** नवराजपुर गाउँपालिका भित्र खासगरी स्वास्थ्य सेवाको पहुचबाट टाढा रहेका बासिन्दालाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुच पुर्‍याउनका लागि एम्बुलेन्स सेवा संचालनलाई पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा जनताको पहुँच बढाई सेवाको गुणस्तर वृद्धि गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी नवराजपुर गाउँपालिका गाउ कार्यपालीका ले यो कार्यविधि जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (क) यो कार्यविधिको नाम "एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०७९" रहेकोछ ।
(ख) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।
**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :- (क) "एम्बुलेन्स " भन्नाले बिरामी ओासार्ने स्विकृति प्राप्त गरेको बाहन सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ ।
(ख) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनुपर्छ ।
(ग) "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ ।
(घ) "गाउँपालिका" भन्नाले नवराजपुर गाउँपालिकालाई सम्झनु पर्छ ।
(ङ) "सेवा शुल्क" भन्नाले एम्बुलेन्स प्रयोग गरेबापत सेवाग्राहीले बुझाउनु पर्ने गरी कार्यविधिले तोकेको शुल्क सम्झनु पर्छ ।
(च) "समिति" भन्नाले दफा ३ बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्छ ।
(छ) "सेवा" भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पुर्ण सेवा सम्झनु पर्छ ।
**३. एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति :** (१) एम्बुलेन्स सेवा सञ्चालनको व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायको पदाधिकारीहरु रहेको एक गाउँ एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति रहनेछ ।
(क) गाउँपालिका अध्यक्ष - संयोजक
(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(घ) प्रतिनिधि, गाउँ रेडक्रस सोसाईटी, नवराजपुर - सदस्य
(ड.) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव
(२) समितिको कुल सदस्य सङ्ख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।
(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिको वैठक भत्ता गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।
(४) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।
**४. समितिको काम, कर्तव्य र अधिकार :** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-
(क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने ।
(ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागू गराउने । यस कार्यविधि अनुसारको आचारसंहिता पालन नगर्ने चालकलाई चेतावनी दिने र आचारसंहिता पालना गर्न लगाउने ।
(ग) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने ।

(घ) एम्बुलेन्सको निश्चित मापदण्डको आधारमा भाडा निर्धारण गर्ने । एक पटक निर्धारण भएको भाडा दुई वर्ष नपुगि पुनरावलोकन गर्न नपाइने ।
(च) सरोकारवाला तथा अन्य सङ्घसस्थाहरु बिच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समिक्षा बैठक गर्ने ।
(छ) गाउँपालिकाको विशिष्टतालाई ध्यानमा राखि एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने ।
(ज) चालकले अनुसुची-१ बमोजिम सेवा शुल्क लिई बैक/कोषमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने ।
(झ) सेवा शल्कका परिमार्जन गर्नुपरेमा सिफारिस गर्ने ।
(२) समितिको सदस्य-सचिवले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण प्रत्येक वर्षको आषाढ मसान्तमा गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।
**(५) सेवा शुल्क सम्बन्धी व्यवस्था :** (१) एम्बुलेन्स सेवा प्रयोग गरेबापत सम्बन्धित सेवाग्राहीले गाउँ कार्यपालीकाले तोके बमोजिमको रकम सेवा शुल्कको रुपमा बुझाउनुपर्नेछ ।
(२) एम्बुलेन्स सेवा बापत उठेको रकम गाउँ पालिकाले एक अलग बैक खाता/कोष खडागरी त्यसमा जम्मा गर्नेछ वा गाउँपालिकाको संचितकोष खातामा जम्मा गर्न सक्नेछ ।
(३) सेवा शुल्क बापत लिइने रकमको असुलीका लागि गाउँपालिकाले नगदी रसिद छपाई उपलब्ध गराउनेछ । नगदी रसिदको अभिलेख/नियन्त्रण खाता गाउँपालिकामा राखीने छ ।
(४) सेवा दिएबापत लिइने सेवा शुल्क नगदी रसिद काटी बैक खातामा जम्मा गर्ने जिम्मेबारी सम्बन्धित चालकको हुनेछ ।
(५) कोषको रकम गाउँ कार्यपालिकाले स्वीकृत गरेको बार्षिक कार्ययोजना अनुसार मात्र खर्च गर्न पाइने छ । कोषको रकम सामान्यतया चालकको तलव भत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामग्रीको खरिदमा खर्च गरिनेछ ।
**(६) चालकको नियुक्ती र सेवा सुविधा :** (१) एम्बुलेन्स सेवा संचालनका लागि गाउँ कार्यपालिकाले एक जना योग्यता पुगेको चालक सेवा करारमा नियुक्ती गर्नेछ ।
(२) चालकको सेवा सुविधा दफा (३) बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ ।
(३) चालकको रु. २ लाख सम्मको दुर्घटना विमा गरिनेछ । विमाको प्रिमियम बापतको रकम यसै कार्यविधि बमोजिमको कोषबाट वेहोरिने छ ।
(३) चालकले पालना गर्नुपर्ने आचार संहिता अनुसुची-२ बमोजिम हुनेछ ।
**(७) एम्बुलेन्स रहने स्थान सोको मर्मत सम्भार :** (१) एम्बुलेन्स नवराजपुर गाउँपालिकाको कार्यालय वा मातहतको स्वास्थ्य केन्द्र रहेको स्थानमा रहनेछ ।
(२) एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेबारी चालकको हुनेछ ।
**(८) विविध :** (१) एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधीको विवरण अनुसुची-३ बमोजिम हुनेछ ।
(२) एम्बुलेन्समा सवार विरामी, विरामीका आफन्त तथा स्वास्थ्यकर्मीको विमाको दायित्व सेवाग्राही स्वयंको हुनेछ ।
(३) यस कार्यविधिमा आवश्यकता अनुसार संसोधन र हेरफेर समितिको सिफारिसमा गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

**अनुसूची-१**
**(कार्यविधि दफा (५) संग सम्बन्धित)**
**सेवा शुल्क सम्बन्धी दररेट**

एम्बुलेन्स प्रयोग बापतको सेवा शुल्क जिल्ला रेडक्रस सोसाइटी सिरहाले निर्धारण गरे बमोजिम हुनेछ ।

*यस गाउँपालिका अन्तर्गत स्थायी बसोबास गर्ने आर्थिक रुपले विपन्न गर्भवति तथा सुत्केरी र वृद्धवृद्धाका लागि सिरहा जिल्ला भित्रका स्वास्थ्य संस्थामा जानका लागि निशुल्क एम्बुलेन्स सेवा उपलब्ध हुनेछ ।*

अनुसूची-२

(कार्यविधिको दफा ६ कोउपदफा (३) सँग सम्बन्धित)

एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

१) एम्बुलेन्स सञ्चालन कार्यविधि, २०७९ लाई पूर्णतः पालना गर्नुपर्ने,

२) आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा इमान्दारिता र विश्वसनियता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,

३) मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउनु नहुने,

४) बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीको परिवारलाई सधैं सम्मानपूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,

५) आफुले लिएको निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,

६) आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुका साथै आफुमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने,

७) कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसको बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,

८) बिरामीलाई बिच बाटोमा छाड्न नहुने । आफ्नो कामको सिलसिलामा पाएका कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा विरामीहरुबाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानूनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सूचना बारेमा जानकारी दिन सक्ने,

९) अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मदत पुऱ्याउनु पर्ने,

१०) आफुले उचित देखेको बिरामीको गुणस्तरिय सेवामा प्रभाव पार्ने राम्रा पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने,

११) नेपाल सरकारले प्रतिवन्ध लगाएका बस्तुहरु ओसार पसार नगर्ने । प्रचलित कानूनको पालना गर्नुपर्ने ।

म ....................................... (नाम) .................................... ठेगाना ..................................
ना.प्र.प.नं. .................................... जिल्ला, ड्राईभिङ्ग लाईसेन्स नं. ...........................................
ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु । ....................................... जिल्ला ..................... संस्थाको एम्बुलेन्स चलाउदा मैले यो आचार संहिता पूर्ण रुपमा पालना गर्न सहमति जनाई सही छाप गरेको छु ।

| | |
|---|---|
| चालकको : | प्रमाणित गर्ने व्यक्तिको : |
| दस्तखत : | दस्तखत : |
| नाम/पद : | मिति : |
| मिति : | संस्थाको छाप |

## अनुसूची ३
## (कार्यविधिको दफा ८ को उपदफा (१) सँग सम्बन्धीत)
## "ख" वर्गको एम्बुलेन्समा हुनुपर्ने औषधी र उपकरणको जनशक्तिको विवरण

- All Emergency Equipments
- Stethoscope
- B.P. Apparatus
- Torchlight
- Tongue Depressor
- IV drips
- ECG Monitor with oxygen monitor
- Intubation set
- Various intubation tubes and laryngeal tubes
- Ambu bag
- Nebulizer set
- Manual suction set
- Cervical collars
- CPR board
- Oxygen supply
- OB kit
- Splints
- Catheterizations sets Other:
- Washing equipments
- Wheel chair and trolley
- Redio communication
- Tablet with 4G connectivity Satffs:
- Ambulance driver with firs aid trainings
- EMT

आज्ञाले,

राज किशोर साह

प्रमुख प्रशासकीय अधिकृत